परिशिष्ठ २

अन्य संबन्धित दस्तावेजहरु

अति घनिष्ट संबन्ध बएको "ग्रामिण खानेपानी तथा सरसफाई क्षेत्रगत नीति तथा रणनीति २०६०" र :सहरी खानेपानी तथा सरसफाई नीति २०६६" दस्तावेजको मुख्य अंशमा संक्षिप्त रुपमा उल्लेख गरिएको छ। अन्य संबन्धित कानून, नीति तथा योजनहरु तल उल्लेख गरिएको छ।

नेपाल खानेपानी संस्थान ऐन २०४६: तत्कालिन नेपाल खानेपानी तथा ढलनिकास बिकास समितिलाई स्वायत्य संस्थानमा रुपान्तर गरी सो संस्थानद्वारा काठमान्डु उपत्यका सहरहरु लगायत अन्य ठुला तथा मझ्यौला नगरपालिकाहरुमा खानेपानी सेवाको बिकास, संचालन तथा ब्यवस्थापन गराऊन यो ऐन तथा यस अन्तर्गत बिनियमावली लागू गरिएको थियो।यो ऐन दुई पटक संशोधन भएको छ, जस मध्ये पछिल्लो पटकको संशोधन भने सरकारको नगर तथा सहरहरुमा खानेपानी सेवा आपूर्तिमा सुधार ल्याउने अग्रसरता अनुरुप यस मातहतका ईच्छूक सहरहरुलाई यसको ब्यवस्थापनबाट अलग गरी नञां खानेपानी ब्यवस्थापन बोर्ड अन्तर्गत संचालन गराउन सक्नाको लागी गरिएको थियो।

जलस्रोत ऐन २०४९: यो ऐन तथा यस ऐन अन्तर्गत बनेको खानेपानी नियमावलीले राष्ट्रिय जलस्रोत माथि राज्यको स्वामित्व र खानेपानीको उपभोग लगायत जलस्रोतको ब्यवस्थापनका लागी आवस्यक कानूनी आधार प्रदान गरेको छ। यो ऐनले जलस्रोतको अन्य उपयोगको तुलनामा खानेपानीलाई उच्च प्राथमिकता दिएको छ।यो ऐनले पानीको उपभोगका लागी जल उपभोक्ता संस्था (ज. उ. स.) गठन र दर्ता गरि जिल्ला जलस्रोत समितिबाट अनुमति-पत्र लिनु पर्ने ब्यवस्था गरेको छ।ऐनले पानीको प्रदूषण गर्न नपाईने, पानीको गुणस्तर कायम राख्नु पर्ने तथा बातावरणको संरक्षण गर्नु पर्ने प्रावधान गरेको छ। तथापि यो ऐनले पानीको संपूर्ण उपयोगलाई संबोधन गर्ने छ भनि सोचिए बिपरित यो ऐन खानेपानी सेवाको प्रभावकारि तथा सक्षम ब्यवस्थापनका सबै पक्षलाई समेट्न अपर्याप्त छ भन्ने कुराको महसूस दिनानुदिन बढ्दो छ।

नेपाल राष्ट्रिय सरसफाइ नीति र सरसफाइ कार्यक्रम तर्जुमा तथा कार्यान्वयन निर्देशिका २०५१: यस प्रकारको यो पहिलो नीति र निर्देशिका त्यस्तो समयमा तयार गरिएको थियो जुन समयमा सरसफाइको तुलनामा खानेपानीले उच्च प्राथमिकता पाउदै आएको थियो। यो नीति खानेपानी सेवाको पहूंचको तुलनामा निकै पछाडि परेको सरसफाइ सेवाको पहूंचमा तिब्रता ल्याउनाको लागी तयार गरि कार्यान्वयन गरिएको थियो।यो नीतिले स्वास्थ्य शिक्षाको माध्यमबाट ब्तक्तिगत, पारिवरिक तथा बातावरणिय सरसफाइ संबंधी

जनसाधारणको अस्वस्थकर बानी-ब्यहोरा तथा चलनमा परिवर्तन ल्याऊनमा जोड़ दिएको थियो।सरसफाइ प्रवर्धन गर्नमा समुदाय तथा गैरसरकारी संस्थाको महत्वुर्ण भुमिका रहेको कुरा यस ऐनले आत्मसात गरिएको थियो।साथै पारिवारिक चर्पी निर्माणको प्रवर्धनलाई स्वास्थ्य शिक्षाको अभिन्न अंग बनाइएको थियो।

<u>ग्रामीण खानेपानी तथा सरसफाइ कोष बिकास समिति (गठन) आदेश २०५२:</u> यो गठन आदेश द्वारा उपभोक्ता समूह तथा सहयोगी संस्था (गैरसरकारी तथा सामूदाइक संस्था) हरुलाई प्रविधिक, वित्तिय तथा संस्थागत सहयोग उपलब्ध गराई ग्रामिण क्षेत्रमा लगानी-प्रभावकारी मागमा आधारित खानेपानी तथा सरसफाई आयोजना कार्यान्वयन गर्ने गरि एक समितिको गठन गरिएको थियो।बिश्व बैंकले एक दशक अघि देखि आयोजना निर्माण गर्न सहयोग पुऱ्याऊदै आएको छ।यो समितिले अवलम्बन गरेको आयोजना कार्यान्वयन आयोजनाको दिगोपनको सांचो आयोजना तर्जुमा, कार्यान्वयन तथा संचालनमा समुदाय स्वयंको ब्यवस्थापन नै हो भन्ने कुरो सफलतापूर्वक दर्शाएको छ।यस्तो कार्यान्वयन प्रकृया कतिपय अन्य बिकास आयोजनाहरुमा समेत अनुसरण गरि सकिएको छ।

<u>बातावरण संरक्षण ऐन २०५३:</u> यो ऐन तथा यस पछिको नियमावलीले सबै बिकास आयोजना निर्माण गर्नु पूर्व आयोजनाको जटिलता र आकारको आधारमा प्रारम्भिक बातावरणिय परिक्षण वा बातावरणिय प्रभाव मुल्यांकन गर्न पर्ने अनिवार्य ब्यवस्था गरेको छ। यो ऐनले सरकारलाई समस्त जलस्रोतको प्रदूषण नियन्त्रण गर्ने अधिकार प्रदान गरेको छ।जस अनुसार बातावरण, बिज्ञान तथा प्रविधि मनत्रालय जलस्रोतमा मिसिने प्रदूषणको मापदण्ड तयार गर्ने कार्यमा लागि रहेको छ।त्यसैगरि सहरी बिकास मन्त्रालयले पानीको प्राकृतिक स्रोतमा मिसाईने तथा खेत जग्गामा सिंचाईको लागी प्रयोग हूने फोहर पानीको प्रदूषणको मापदण्ड तयार गरि रहेको छ।

<u>राष्ट्रिय खानेपानी क्षेत्रगत नीति २०५५:</u> यो नीति जारी हूनु अघि सरकारले आवधिक रुपमा पंच-बर्षिय राष्ट्रिय योजना तथा वार्षिक रुपमा बजेट तथा कार्यक्रम द्वारा आफनो निति तथा रणनीति सार्वजनिक गर्दै आएको थियो।यो पहिलो खानेपानी नीति (नवौं पंच-वर्षिय योजना २०५४-५९) तिनै आवधिक योजनाहरुमा उल्लेखित नीतिसरुको संग्रहित रुप थियो।यो नीतिले सन् २००२ सम्ममा सबैलाई सुरक्षित, सुलभ र पर्याप्त खानेपानी सेवा पुऱ्याउने लिएको लक्ष अपर्याप्त लगानी र अन्य कतिपय संस्थागत कमी कमजोरीका कारण पुरा भने हुन सकेन।

<u>खानेपानी नियमावली २०५५:</u> ञो नियमावली जलस्रोत ऐन २०४९ अनतर्गत जारी गरिएको थियो।यो नियमावलीले खानेपानीको लागी स्रोतको उपयोग तथा संरक्षण र खानेपानी तथा सरसफाई सेवाको संचालन तथा ब्यवस्थापन गर्नाको लागी उपभोक्ता संस्थाको गठन तथा दर्ता गर्नु पर्ने ब्यवस्था गरेको छ।तर मातृ-

ऐन जस्तै सवाभाविक रुपमा यो नियमावलीले पनि यो क्षेत्रको सबै मुद्दाहरु लाई संबोधन गर्न पर्याप्त छैन।

<u>स्थानिय स्वायत्त शासन ऐन २०५५:</u> यो ऐन तथा यस अन्तर्गतको नियमावलीले स्थानिय निकायहरुलाई आफ्नो क्षेत्रको सामाजिक, आर्थिक, संस्थागत तथा खानेपानी तथा सरसफाई समेत भौतिक संरचनाको बिकासको जिम्मेवारी तथा अधिकार को कानूनी आधार प्रदत्त गरेको छ। ५२ जिल्लाहरुले आ-आफ्नो आवधिक योजना तयार गरि सकेको भए तापनि एक दशकको राजनैतिक संघर्ष र १४ बर्ष सम्म स्थानिय निकायको निर्वाचनको अभावमा ती योजनाको कार्यान्वयन भने हुन सकेन।

<u>१५ बर्षिय सहरी खानेपानी तथा सरसफाई क्षेत्रगत योजना २०५७:</u> यो योजनाले जनसंख्या र जनसंख्या बृद्धि दर, सामाजिक-आर्थिक गतिबिधि, बिकास र बिस्तारको संभावनाहरुको आधारमा ग्रामिण क्षेत्रमा बिकास भै रहेको सहरहरु परिभाषित र पहिचान गरेको छ।यसले सह-लगानी र लगानी-उठतीको आधारमा स्याना सहरी खानेपानी तथा सरसफाई आयोजना निर्माण गर्न बातावरण प्रदान गरेको छ। सन् २००९ देखि २०१५ सम्मको अवधिको लागी अध्यावधिक गरिएको यो योजनाले २०९ वटा स्याना शहरहरुको पहिचान गरेको छ। ए. डी. बी. को सहयोगमा कतिपय आयोजनाको निर्माण सफलता पूर्वक संपन्न भैसकेका छन् भने कतिपय निर्माणका क्रममा छन्।यो योजनाको सफलताको आधारमा नै राष्ट्रीय योजना आयोगले २०१२ मा नेपाल सरकाको स्रोतबाट पनि यस्तै नीति र शिद्धान्त बमोजिम आयोजना कार्यान्वयन गर्ने गरि निर्देशिका जारी गरेको छ।

<u>काठमान्डौ उपत्यका खानेपानी तथा सरसफाई क्षेत्रगत नीति २०५७:</u> सहरी खानेपानी तथा सरसफाई नीतिको अभावमा सरकारले काठमान्डौ उपत्यकाको लागि यो तदर्थ नीति मेलम्ची खानेपानी आयोजना कार्यान्वयनलाई सहजिकरण गर्नाको लागि प्रतिपादन गरेको हो।यो नीतिले उपत्यकाका सबै सहरहरुमा दिर्घकाल सम्म दिगो खानेपानी तथा सरसपाई सेवाको बिकास गर्न मद्दत गरेको छ। यो नीतिले खानेपानी तथा सरसफाई सेवा स्तर बृद्धिका लागि संस्थागत सुधारको परिकलपना गरेको परिणाम स्वरुप यौटा काठमान्डौ उपत्यका खानेपानी ब्यवस्थापन बोर्ड र आरको खानेपानी महसूल निर्धारण आयोग स्थपना भएको छ।

<u>काठमान्डौ उपत्यका खानेपानी तथा सरसफाई क्षेत्रगत रणनीति २०५७:</u> नीतिका साथै नेपाल सरकारले ऊपत्यकामा खानेपानीको दिगो उपयोग सुनिश्चित गर्न, सुरक्षित वितरण गर्न, पानीको गुणस्तर निरन्तर कायम राख्न, तथा पानीको संवर्धनको प्रवर्धन गर्न रणनीति निर्धारण गरेको छ।रणनीतिले ब्ययभार बहन योग्य मुल्यमा, सहज पहूंच, अटुट र भरपर्दो रुपले पिउने योग्य खानेपानी को समान वितरणको लागी स्वीकारोग्य सेवा स्तर समेत निर्धारण गरेको छ। एक महत्वपूर्ण रणनीति भने काठमान्डौ उपत्यकाको सबै

सहरहरुको खानेपानी तथा सरसफाई सेवाको संचालन तथा ब्यवस्थापन नीजि-सार्वजनिक-सहभागिता अन्तर्गत यौटा कंपनीको माध्यमबाट गराईनु हो।

<u>खानेपानी ब्यवस्थापन बोर्ड ऐन २०६३:</u> यो ऐनले नेपाल सरकारलाई संबंधित नगरपालीकाको परामर्शमा नगरको खानेपानी तथा सरसफाई सेवाको बिकास, संचालन तथा ब्यवस्थापनको जिम्मा लिने गरि बोर्ड गठन गर्न सक्ने अधिकार प्रदान गरेको छ। हालसम्म खानेपानी तथा सरसफाई सेवामा सुधार ल्याउने अभिप्रायले काठमान्डौ उपत्यका खानेपानी ब्यवस्थापन बोर्ड समेत केहि बोर्ड गठन पनि भै सकेको छ ।बोर्ड गठन भएका सबै सहरहरु यस अघि नेपाल खानेपानी संस्थानबाट संचालित थिए।

<u>खानेपानी महसूल निर्धारण आयोग ऐन २०६३:</u> यो ऐन अन्तर्गत सुरक्षित र भरपर्दो खानेपानी तथा सरसफाई सेवा आपुर्ति गरे बापत सेवा प्रदायकले उठाउन पाउने महसूल स्वीकृत गरि उपभोक्ताको हित संरक्षण गर्न एक निश्पक्ष र स्वायत्त आयोग गठन गरिएको छ।तर यो ऐनले मुलुकका सबै सेवा प्रदायकहरुबाट प्रदान गरिने सेवाको नियमन र उठाईने महसूल निर्धारण गर्नमा आयोगको भूमिका स्पष्ट संग परिभाषित गर्न सकेको छैन।

<u>राष्ट्रीय खानेपानी गुणस्तर मानक २०६३:</u> मानकले सबै नञां खानेपानी आयोजनाहरुमा यसमा भएको ब्यवस्था लागू गर्न अनिवार्य गरेको छ, फलस्वरुप ग्रामीण तथा सहरी दुवै थरिका खानेपानी आयोजनाहरुमा गूणस्तर सुधार गर्ने कार्यले गति लिएको छ। मनसूनी मौसममा बढी धमिलोपना बाहेक सामान्यतया: सतही स्रोतमा आधारित सबै जसो खानेपानीको भौतिक तथा रासायनिक गुणस्तर मानक बमोजिम छन्।केहि स्थानको भौगर्भिक खानेपानीमा फलाम, मैंगनिज र अमोनिया बढी मात्रामा भेटिन्छन्।एक दूई जिल्लामा कम गहिराईको भौगर्भिक पानीमा स्वीकृत स्तर भन्दा बढी आर्सेनिक पाईन्छ।राष्ट्रीय खानेपानी गुणस्तर बमोजिम नभएका खानेपानीहरुमा चरणबद्ध रुपमा उपयुक्त प्रशोधन बिधिद्वारा गूणस्तर सूधार ल्याईने छ।

<u>राष्ट्रीय सहरी नीति २०६४:</u> यो नीति ले नेपालमा ऐतिहासिक रुपमै असन्तुलित र जथाभावी भएको सहरी बिकाशमा प्रकाश पारेको छ।यस्ले पूर्व-पश्चिम र उत्तर-दक्षिण पहूंच मार्ग संग आबद्ध सहरी केन्द्रहरुलाई आर्थिक बिकासको उत्प्रेरक मानेको छ।साथै सहरका गरिबहरुले भोग्नु परेको अपर्याप्त सरसफाई, बिग्रदो बातावरण र अपर्याप्त सेवा-सुबिधामा तत्काल ध्यान पुऱ्याउनु पर्ने कुरालाई महत्वका साथ उठाएको छ। यो नीतिले सरकारको केन्द्रीय तथा क्षेत्रिय निकायहरुको समन्वयमा सहरी गुरुयोजना तयार गर्नाका अतिरिक्त स्थानिय बिकास कार्यक्रमको एकिकृत योजना तर्जुमा र ब्यवस्थापन गर्न नगरपालीकाहरु को क्षमता अभिबृद्धि गर्न प्रस्ताव गरेको छ।यस क्षेत्रमा निजी क्षेत्रको सहभागिता, खास गरी पुर्वाधार बिकासमा लगानी, लाई बिशेषरुपमा आकर्षित गरिएको छ।

त्रीबर्षिय अंतरिम योजना ३०६४-६७: एघारौं त्रीबर्षिय अंतरिम योजनाले सहरी क्षेत्रको प्राथमिकताहरुलाई, खास गरी द्रुत सहरीकरणबाट सेवा-स्तरमा हुने प्रभाव, पानीको गुणस्तर र आयोजनाको मर्मत संभार संबंधमा मार्ग दर्शन प्रदान गरेको छ।यस्ले सबै सहरी खानेपानी आयोजना साथ ढलनिकास, स्थलगत सरसफाई र फोहरमैला ब्यवस्थापन एकिकृत रुपमा संचालन गर्न निर्देश गरेको छ र बिशेष गरी उपभोक्ताबाट लगानी उठाउनु पर्नेमा सहमति दिएको छ। निजी क्षेत्रको अधिक से अधिक भुमिका सहित स्थानिय निकायको आयोजना निरिक्षण तथा अनुगमनको जिम्मेवारीमा जोड़ दिएको छ।यसका अतिरिक्त अन्तरिम योजनाले क्षेत्रगत सेवा प्रवाह पारदर्शिता, साशकियता र उपभोक्ताको सुरक्षामा सुधारको खांचो औंल्याएको छ।महिला तथा उपेक्षित समुदायको बिकास प्रकृयामा पुर्ण प्रतिनिधित्व र सहभागिता सुनिश्चित गर्नु पर्ने गरि सामाजिक समावेसितामा बिशेष जोड़ दिएको छ।

त्रिबर्षिय योजना २०६७-७०: बाऱ्हौ त्रिबर्षिय योजनाले पनि त्रिबर्षिय अंतरिम योजनाको अनुसरण गर्दै उपभोक्ता सह-लगानी र निर्माण गरिएका खानेपानी तथा सरसफाई संरचनामा तिनको स्वामित्व, नेपाल खानेपानी गुणस्तर मानक बमोजिम खानेपानी गुणस्तर सुधार, क्षेत्रब्यापी कार्यदिशा (SWAp) सहितको कार्यक्रम कार्यान्वयन, जलवायु परिवर्तनमा नकारात्मक प्रभाव रोक्न आयोजना निर्माणसाथे बातावरण प्रभाव न्युनिकरणका उपायहरुको अवलम्बन र संस्थागत क्षमता बृद्धिमा थप जोड़ दिएको छ।